
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १00% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २२३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ ८ गते शुक्रबार ❑ 25 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकी प्रदेशमा यसैवर्ष उज्यालो प्रदेश घोषणा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं

यस अघि पटक पटक गण्डकी प्रदेशलाई उज्यालो प्रदेश घोषणा गर्ने निर्णय यस बर्ष भने लागु हुने भएको छ।

गण्डकी प्रदेशमा उर्जामा ९९.५ प्रतिशत घर धुरीमा आधुनिक उर्जाको प्रयोग भएसंगै अब केही घर धुरीमा उर्जाको पहुच पुराएसंगै प्रदेश सरकारले चालु आर्थिक बर्षमै उज्यालो प्रदेश घोषणा गर्ने तयारी गरेको गण्डकी प्रदेश सरकारका प्रवक्ता एवं ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्री सरस्वती अर्याल (तिवारी) ले बताउनु भयो।

करिब २ हजार ४ सय घर धुरीमा उर्जाको पहुच पुर्‍याउन बाँकी रहेको उहाँको भनाई रहेको छ । गत बैशाख २९ गते पदभार ग्रहण गर्नु भएको मन्त्री तिवारीले १०० दिनको अवसरमा महत्वपूर्ण उपलब्धीहरु सार्वजनिकीकरण कार्यक्रममा अब प्रदेशमा २ हजार ८ सय ८४ घर धुरीमा बिद्युत उपलब्ध गराउन गर्न बाँकी रहेको बताउनु भएको हो । हाल बागलुङ्को ढोरपानमा ३ सय ९१ घर धुरीमा बत्ती उपलब्ध गराउने गरी तयारी गरिएको उहाँले जनाउनु भयो। उक्त क्षेत्रमा चालु आर्थिक बर्षको मंसिर भित्र पानीको धारा जडान गरिने भएको मन्त्री तिवारीको भनाई छ । दिगो विकासका लक्ष्य अनुसार पनि सन २०३० भित्र उक्त सेवाको पहुच पुराउनु पर्ने भए पनि प्रदेशले यसै बर्ष घोषणा गर्ने भएको छ।

प्रदेश स्थापना भएदेखि हालसम्म १ लाख ३० हजार घर धुरीमा एक घर एक धारा अभियान अर्न्तगत घर घरमा धारा जडान भएको मन्त्री वितारीले बताउनु भयो । खानेपानीको हकमा भने स्थानिय, प्रदेश र संघ सरकारले समेत यसमा काम गर्ने गरेको उहाँको भनाई छ । कुन सरकारले कति गर्ने तथा के के गर्ने भन्ने अन्यौल भएकोले यसको अभियान सम्पन्न गर्न केही समय लाग्ने मन्त्री तिवारीले बताउनु भयो । मन्त्रालयले कुन घरमा कति धारा पानी पुग्यो की पुगेन भनी त्यसको अबस्था के छ भन्नको लागि वास प्लान्ट खानेपानी सरसफाइ तथा सशक्त कार्ययोजना लागु गर्ने भएको छ । डोकोमा पानी वोकेर खानुपर्ने बाध्यताको अन्त्य गर्ने मन्त्री तिवारीले दाबी गर्नु भयो। खोलाको किनारामै पानी जानु पर्ने बाध्यता भन्दा पहिला भएका पानीका श्रोत तथा मुलहरु वा मुल सुके पनि सर्भे गर्दा त्यसको आसपासमा पानी उपलब्ध हुने भएको मन्त्री तिवारीले बताउनु भयो। उहाँका अनुसार पर्वतको पाङ्का दुई फाँटमा पहिलाको मुल सुके पनि त्यसको सर्भे गर्दा त्यसैको वरिपरी पानी उपलब्ध भएको छ ।

उज्यालो गण्डकी प्रदेश अर्न्तगत प्रदेशका सबै घर परिवार हरुमा आधुनिक उर्जाको प्रयोग होस भन्ने उद्देश्यले उक्त अभियान सुरु भएको मन्त्रालयका सचिव सचिव डा. सन्तोस कैनीले बताउनु भयो । नेपाल बिद्युत प्राधिकरणको बिद्युत विस्तार भएको स्थानमा बिद्युत र बाँकी अन्य स्थानमा सोलारलाइट जडान गरी उक्त अभियान सफल पार्ने कार्यमा लागेको उनले जनाए। गण्डकी प्रदेशमा उर्जामा ९९.५ प्रतिशत घर धुरीमा आधुनिक उर्जाको प्रयोग भएको सचिव डा. कैनीको दाबी छ । प्रदेशमा २ सय ४० लिफ्टिङ खानेपानी योजना सम्पन्न गर्न बिद्युत महशुलमा करिब २ करोड रकम अनुदान दिने भएको मन्त्री तिवारीले ब ताउनु भयो । स्याङ्जाको आधिखोला नियन्त्रणको लागि करिव रु २० करोडको योजना स्वीकृत, आपतकालीन विपद् रोकथामको लागि तारजाली खरिद गरि तयारी अवस्थामा राखिएको र मुस्ताङ जिल्लाको कालीगण्डकी नदी नियन्त्रण सम्बन्धी रु २८ करोडको योजना स्वीकृत भएको मन्त्री तिवारीले जनाउनु भयो। गत बर्ष ८५.४४ प्रतिशत गण्डकी प्रदेशमा सबै भन्दा धेरै विक्तिय प्रगती हासिल गर्न सफल मन्त्रालय भएको दाबी गर्दै मन्त्री तिवारीले १० लाख भन्दा कम बजेट विनियोजन नगरिएको जनाउनु भयो। अबका योजनाहरु समेट्दा योजना बैंक मार्फत र प्रदेशको सिंचाई नियमावली लागु भए सेवाग्राही जनलाई सहज हुने उहाँको तर्क छ।

## भवन निर्माण कमिटीको बैठकमा पार्टी सदस्यबाट पाँच सय उठाइने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं

ने क पा ( एमाले) गण्डकी भवन निर्माण कमिटीको बैठक बिहीवार सम्पन्न भएको छ । बैठकमा गण्डकी प्रदेश इन्चार्ज एबम सचिब गोकर्ण विष्टले पार्टीको अत्याधुनिक भवन बनाउने योजना सुनाउदै रू २५ करोड संकलन गर्ने योजना रहेको उल्लेख गर्नुभयो ।

बिष्टले प्रत्येक पार्टी सदस्यबाट ५ सय उठाइने र सक्ने महानुभाबहरूले ले मुठ्ठी फुकाएर सहयोग गर्न आव्हान गर्दै सभा हल, पार्टी र जनसंगठनको भवन कार्यालय रहने जानकारी दिनुभयो । बैठकमा भवन निर्माणमा गण्डकीका नेताहरु उप महासचिव पृथ्वी सुब्बा गुरुङ,स्थायी कमिटी सदस्य किरण गुरुङ, खगराज अधिकारीले भवन बनाउन हर तरहले सहयोग गर्ने बताउनु भयो । उहाहरूले यो अवसरमा पार्टीका सदस्यहरु, जनप्रतिनिधि, व्यवसायि र शुभेच्छुकले दिल खोलेर सहयोग गर्न आग्रह गर्नुभयो।भवन निर्माणका लागि पहल लिनु भएकोमा ईन्चार्ज गोकर्ण विष्टलाई धन्यवाद दिदै बैठकमा सबै जिल्लाले सहयोग गर्ने प्रतिबद्धता जनाएका छन । बैठकले ४५ सदस्यीय सचिवालय गठन गर्ने र चाँडै अर्को बैठकमा जिल्लागत जिम्मेवारी तोकिने जानकारी दिइयो । बैठकमा गण्डकीका नेताहरु, केन्द्रीय सदस्य, प्रदेशका पदाधिकारी र सदस्यहरु, जिल्ला कमिटि अध्यक्ष, संघीय र प्रदेश सांसदहरु, पालिकाका प्रमुख, उपप्रमुख, जनवर्गीय संगठनका अध्यक्ष र उध्यमी र व्यवसायि सहभागी हुनुहन्थ्यो। बैठक प्रदेश कमिटी अध्यक्ष नवराज शर्माको अध्यक्षता र एमाले महासचिव शंकर पोखेलको प्रमुख आतिथ्यतामा सम्पन्न बैठकको संचालन प्रदेश सचिव धनञ्जय दवाडीले गर्नु भएको थियो ।

## एकीकृत समाजवादीको राष्ट्रिय महाधिवेशन माघमा

**रासस**
काठमाडौं, ७ भदौं

नेकपा एकीकृत समाजवादीको केन्द्रीय समिति बैठकले आगामी माघ १४ देखि १८ गतेसम्म राष्ट्रिय महाधिवेशन गर्ने निर्णय गरेको छ।

यही भदौ ५ गते सुरु भएर बिहीबार सम्पन्न बैठकले महाधिवेशनको अगावै युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको हो । बैठकले यही भदौभित्र सबै जनवर्गीय सङ्गठनका अधिवेशन सम्पन्न गर्ने र आगामी असोजमा मेची महाकाली राष्ट्रिय अभियान सञ्चालन गर्ने निर्णय गरेको छ।

बैठकमा अध्यक्ष माधवकुमार नेपालले प्रस्तुत गर्नुभएको राजनीतिक र महासचिव घनश्याम भुसालले पेश गर्नुभएको साङ्गठनिक प्रतिवेदन परिमार्जनसहित पारित गरिएको छ । ती प्रतिवेदनमा एक सय ३१ नेताले आ-आफ्नो धारणा राख्नुभएको पार्टीका उपमहासचिव एवं प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिनुभयो। पार्टीले अवलम्बन गर्ने वैचारिक दृष्टिकोण, जनताको बहुदलीय जनवादको सान्दर्भिकता, पार्टीको संरचना, सङ्गठन विस्तारका लागि आवश्यक रणनीति, पार्टी आधारभूत तहसम्म स्थापित गर्न आवश्यक कार्ययोजना, समसामयिक, अन्तर्राष्ट्रिय परिस्थितिलगायत विषयमा बैठकमा छलफल गरिएको उहाँले बताउनुभयो।

राजनीतिक प्रतिवेदनमा एमालेसँग विद्रोह गर्नुको औचित्य, जनताको बहुदलीय जनवाद, अन्तर्राष्ट्रिय तथा भूराजनीतिक परिस्थिति, विद्यमान राजनीतिक तथा नेपाली समाजको विशिष्ट अवस्थाबारे चर्चा गरिएको खतिवडाले बताउनुभयो। उहाँका अनुसार मुलुकमा पूँजीवादी क्रान्तिको अन्त गर्न जनताको बहुदलीय जनवादको सान्दर्भिकता रहेकाले सो विचार छाड्न नसक्ने प्रतिवेदनमा उल्लेख गरिएको छ। बैठकमा नेता झलनाथ खनालले राजनीतिक प्रतिवेदनमा असन्तुष्ट जनाउँदै फरक मतसहित जबजको चरण समाप्त भएको विचार व्यक्त गर्नुभयो। त्यसैगरी बैठकले बाढीपहिराबाट ज्यान गुमाएका प्रति दुःख व्यक्त गर्दै पीडितलाई

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कानूनभन्दा बाहिर गएर कुनै निर्णय गरेको छैन : अध्यक्ष ओली

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं



नेकपा (एमाले)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले अहिलेसम्म आफूले कानूनभन्दा बाहिर गएर कुनै निर्णय नगरेको बताउनुभएको छ।

बिहीबार नेपाल राष्ट्रिय भूपूसैनिक तथा प्रहरी सङ्गठनले भक्तपुरमा आयोजना गरेको बृहत् जिल्ला भेलामा बोल्दै उहाँले विगतमा आफूले नेतृत्व गरेको सरकारको पालामा कानून पल्टाएरमात्रै निर्णयगरेकोजिकिर गर्नुभयो। उहाँले भन्नुभयो, "सुन तस्करीलगायतका अनगिन्ती भ्रष्टाचारका काण्ड छोप्न एमालेले भ्रष्टाचार गर्‍यो भनेर विषयवस्तुलाई अन्तै मोड्न खोजिँदैछ, मलाई कानूनले हतकडी लगाउन सक्ने कुनै ठाउँ राखेको छैन । म प्रधानमन्त्री हुँदा, परराष्ट्रमन्त्री र गृहमन्त्री हुँदा मेरा काम कारबाही एक शब्द नचिप्लियोस् भनेर मैले कानूनका पाना पल्टाइपल्टाइ निर्णय गरेको छु त्यसैले कसैको इच्छाले केपी ओलीलाई फसाउन सकिन्छ, हतकडी लगाउन सकिन्छ भनेर नसोचे हुन्छ ।" आफू देश बनाउने अभियानमा अगाडि बढिरहेको भन्दै उहाँले विरोधीले आफूलाई माकुराको जालो बुनिरहेको टिप्पणी गर्नुभयो । "अहिलेको भ्रष्टाचार ढाकछोप गर्न झापाको टि स्टेटको कुरा निकाल्दै छन्, हेरे हुन्छ, त्यति खेर ७० बिघा जग्गा कसको पालामा बिक्री भएको हो, जथाभावी गर्नुहुन्न भनेर त्यसपछि मैले नियम बनाइदिएको छु, त्यसैले रोकिएको छ", उहाँले भन्नुभयो, "त्यसैले मलाई फसाउन नसोचे हुन्छ, माकुराको जालोमा कहिल्यै भैंसी पर्दैन, त्यस्ता जालो न खुट्टाले थाहा पाउँछ, न सिङले थाहा पाउँछ न त जिउले नै थाहा पाउँछ।"

झुठो आरोपमा आफूलाई कसैले गोली हान्न सक्छ तर त्यसमा मलाई कुनै आपत्ति छैन भन्दै उहाँले पञ्चायकालमा हुँदै नभएको दोष लगाएर जेलमा १० वर्ष भुक्तान भइसके पनि विभिन्न बाहना बनाएर थप चार वर्ष राखे जस्तैको समय र बेला अहिले होइन भन्नुभयो । अहिले जातजाति, भाषाभाषी, धर्म र संस्कृतिका नाममा नेतृत्वमा रहेकाले नै जनता जुधाएर ताली बजाउन खोजेको भन्दै एमाले अध्यक्ष ओलीले भन्नुभयो, "नुवाकोटमा वर्षको एक पटक गोरु जुधाइन्छ, विचरा ती गोरुहरूबीच कुनै द्वन्द्व हुँदैन, झगडा हुँदैन तर बाँधिरहेको ठाउँबाट फुकाएर ल्याएर त्यहाँ जुधाइन्छ, र सिङ त्यो गोरुको भाँचिन्छ, पीडा तगोरुलाई हुन्छ, जुधाउनेमाथि ताली बजाएर रमाइलो लिन्छन्, अहिले तिनै बाहुनले जनतालाई जुधाएर, देशका साम्प्रदायिक द्वन्द्व फैलाएर मनोरञ्जन लिइरहेका छन्, यसतर्फ जनता सचेत हुनुपर्छ ।" उहाँले देशमा सामाजिक एकता भङ्ग किन कुनै गतिविधि गर्न दिन नहुने बताउँदै कोशी प्रदेशमा अहिले जनजातिहरू भिडाएर साम्प्रदायिक हिंसा भड्काउन खोजेको बताउनुभयो । उहाँले सुन तस्करी प्रकरणको तत्काल छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्न एमालेले माग गरे पनि सत्ता पक्षले डराएका एक महिनापछि मात्रै छानबिन गर्ने गरी सहमति गरेको बताउनुभयो । एमालेका केन्द्रीय सदस्य एवं भक्तपुर इन्चार्ज कैलाश ढुङ्गेल, एमाले केन्द्रीय सदस्य एवं नेपाल राष्ट्रिय भूपूसैनिक तथा प्रहरी सङ्गठनका इन्चार्ज यज्ञराज सुनुवार र सङ्गठनका केन्द्रीय अध्यक्ष विनोद पाण्डेले देशको सार्वभौम सत्ताको रक्षा, देशको हकहितका लागि जस्तोसुकै बलिदानी दिन परे पनि पछि नहट्ने बताउनुभयो।

कार्यक्रममा सङ्गठनका जिल्ला अध्यक्ष रञ्जन खड्काले सङ्गठनको वर्तमान अवस्थाका बारेमा प्रतिवेदन प्रस्तुत गर्दै भूपूसैनिक र प्रहरीले अवकासपछि पनि देशको लागि योगदान गर्ने र देश विकासका लागि सधैँ अग्रसर रहने बताउनुभयो।

**आँखा पाक्ने रोगका लक्षण**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने, कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने

यस्ता लक्षण आँखा पाक्ने रोगका हुन सक्छन्। यस्ता समस्या देखिए तत्काल चिकित्सकसँग परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रादेशिक क्रिकेट सङ्घको अध्यक्षमा सिग्देल

पोखरापत्र संवाददाता
पोखरा, ७ भदौं

गण्डकी प्रादेशिक क्रिकेट सङ्घको अध्यक्षमा सञ्जयकान्त सिग्देल सर्वसम्मत चयन हुनुभएको छ। पोखरामा बुधबार राति सम्पन सङ्घको दोस्रो अधिवेशनबाट सिग्देलको अध्यक्षतामा १२ सदस्सीय नयाँ नेतृत्व चयन गरिएको हो।



आगामी चार वर्षका लागि अध्यक्षमा चयन हुनुभएका सिग्देल कास्की जिल्ला क्रिकेट सङ्घको समेत अध्यक्ष हुनुहुन्छ। प्रादेशिक क्रिकेट सङ्घको उपाध्यक्षमा प्रकाश पौडेल(नवलपुर), सचिवमा सुमनराज कार्की (तनहुँ) र कोषाध्यक्षमा दिवाकर थापा (स्याङ्जा) चयन हुनुभयो। यसैगरी सदस्यमा देवेन्द्र प्रजु (कास्की), ऋषिराम गौतम (कास्की), फणीन्द्रबहादुर खड्का (बागलुङ), धामनाथ सापकोटा (नवलपुर), रेशमबहादुर केसी (पर्वत), विद्यादेवी भट्टराई (स्याङजा), भोजराज बराल (कास्की) र सन्तोष शर्मा (बाग्लुङ) रहनुभएको छ। नवनिर्वाचित अध्यक्ष सिग्देलले पोखरा रङ्गशालाभित्रको क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय मैदानका रुपमा विकास गर्न सरोकार निकायसँग पहल गर्ने प्रतिबद्धता जनाउनुभयो। उहाँले प्रदेश सरकार तथा महानगरसँग मिलेर क्रिकेटका पूर्वाधार निर्माण आफ्नो प्राथमिकता रहेको बताउनुभयो। अध्यक्ष सिग्देलले भन्नुभयो, "पोखरालाई काठमाडौँपछिको सौन्दर्यकै हिसाबले पनि अन्तर्राष्ट्रिय क्रिकेट भेन्यु बनाउन नेपाल क्रिकेट सङ्घले समेत प्रतिबद्धता जाहेर गरेको छ। यहाँ हामी पनि सबैसँग समन्वय गरेर सुविधासम्पन्न पूर्वाधार निर्माणका लागि काम गर्छौं।" पोखरा रङ्गशालाभित्रको क्रिकेट मैदानसँगै अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता आयोजना गर्न आवश्यक वैकल्पिक मैदान नहुँदा पोखरामा ठूला प्रतियोगिता हुन सकेका छैनन्। गण्डकी प्रदेश सरकारले पोखरा-३३ मा अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान बनाउने निर्णय गरेपनि कार्यान्वयनमा आउन सकेको छैन। चालु आवमा प्रदेश सरकारले प्रादेशिक क्रिकेट मैदान बनाउन रु ४० लाख बजेट छुट्टाएको छ। बजेट सम्भावित जग्गाको खोजी कार्य गरी पहिचान गरेर बनाउन प्रादेशिक क्रिकेट सङ्घ गण्डकीले दबाब दिने नवनिर्वाचित अध्यक्ष सिग्देलले बताउनुभयो।

यसअघि अधिवेशनको उद्घाटन गर्दै नेपाल क्रिकेट सङ्घका अध्यक्ष चतुरबहादुर चन्दले पोखराको क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय भेन्यु बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। उहाँले भन्नभयो, "नेपालले यु-१९ महिला विश्वकप आयोजना गर्दैछ। अबको तीन वर्षभित्रमा पोखरालाई काठमाडौँपछिको अन्तर्राष्ट्रिय भेन्यु बनाउन चाहन्छौं।" अध्यक्ष चन्दले पोखरा रङ्गशालाको क्रिकेट मैदानमा आवश्यक पूर्वाधार निर्माणमा जोड दिनुभयो।

## एकीकृत ...

उचित व्यवस्थापन तथा क्षतिपूर्ति उपलब्ध गराउन माग गरेको छ।

साथै बैठकले एमसिसी सम्झौताअनुसार कार्यान्वयन भए/नभएको अनुगमन गर्न उच्चस्तरीय संसदीय छानबिन समिति गठनको मागसमेत गरेको छ। "बैठकले भूमिहिनका समस्या समाधान गर्नुपर्ने, सहकारी र मिटरब्याजबाट पीडित पक्षलाई सहयोग गर्नुपर्ने, कोशी प्रदेशमा देखिएको समस्या लोकतान्त्रिक पद्धतिबाट समाधान गर्नुपर्ने भएकाले सम्बन्ध पक्षलाई आग्रह गरेका छौं", प्रचार विभाग प्रमुख खतिवडाले भन्नुभयो।

सन् १९५० को सन्धिमा भएको असमान सम्झौता खारेज गरी नेपाल-भारत सम्बन्धलाई थप बलियो बनाउन सरकारलाई आग्रह गरेको उहाँले बताउनुभयो। बैठकले रुस र युक्रेन युद्धले अन्तर्राष्ट्रिय जगतमा नकारात्मक असर गर्ने भएकाले त्यसको अन्तका लागि सम्बन्धित पक्षलाई आग्रह गरेको छ।

# भलिबलमा योगदान दिने सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, ७ भदौं

गण्डकी प्रदेश भलिबल सङ्घले भलिबल खेलमा योगदान दिएका चार जनालाई सम्मान गरेको छ।

भलिबल सङ्घका केन्द्रीय सल्लाहकार एवं भलिबलका पूर्व खेलाडी हरिप्रसाद पराजुली, टाइगर ग्रुप पोखराका अध्यक्ष नारायणप्रसाद शर्मा, भलिबल गीतका रचनाकार आरजु विष्ट सल्यानी तथा गीतका गायक सङ्गीतकार विनोद बानियालाई बुधबार पोखरामा सम्मान गरिएको हो। आफ्नो जीवनकालमा भलिबलसँग जोडिएर योगदान दिएको भन्दै चारैजनालाई सङ्घका उपाध्यक्ष यामबहादुर गुरुङ, गण्डकीका अध्यक्ष नवीनकुमार गुरुङ, गण्डकी प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष ध्वजकुमार गुरुङलगायतले सम्मानपत्रसहित सम्मान गर्नुभएको हो। सम्मानित व्यक्तित्व पूर्व खेलाडी पराजुलीले आफ्नो जीवन खेलकुदमै समर्पण भएको उल्लेख गर्दै खेलमा सफलता पाउन दृढ इच्छाशक्ति चाहिने बताउनुभयो। टाइगर ग्रुप पोखराका अध्यक्ष शर्माले भलिबलको उर्वरभूमि गण्डकीले आफ्नो खेलप्रतिको छविलाई जोगाउन यसको विकास र निरन्तरतामा जोड दिनुपर्ने बताउनुभयो। 'लौ आयो भलिबल' गीतका गायक तथा सङ्गीतकार बानियाले खेलकुदका गीतको अभाव देखिएको परिवेशमा अहिलेसम्म एक दर्जन गीत पस्किएको बताउनुभयो। गण्डकी खेलकुद परिषद्का उपाध्यक्ष गुरुङले गण्डकीमा भलिवल सङ्घ तथा विभिन्न समूह, संस्थाको योगदान महत्वपूर्ण रहेको बताउनुभयो।

# श्रीकृष्ण जन्मष्टमीमा रत्नचोक स्थित श्री कृष्ण मन्दिरमा कृष्ण प्राकट्य महोत्सव हुँदै

पोखरापत्र संवाददाता
पोखरा, ७ भदौं

भाद्र २० गते श्रीकृष्ण जन्माष्टमी पर्वका दिन पोखरा ८ रत्नचोक स्थित श्री कृष्ण प्रणामी मन्दिरमा श्रीकृष्ण जन्मष्टमी प्राकट्य महोत्सव हुने भएको छ।

हरेक वर्ष हुदै आएको महोत्सबमा कृष्ण भजन , कृष्ण लिला नृत्य ,बाल बालिकाको विभिन्न लोक तथा राष्ट्रिय गीत नृत्य लगाएतका विभिन्न मनोरञ्ननात्मक सास्कृतिक तथा धार्मिक गतिविधि गरिने र रात्री १२ बजे भगवान कृष्णको जन्म महोत्सव समापन गराइने मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पुरुषोत्तम रेग्मीले बताउनुभयो। मन्दिरमा साउन २१ गतेबाट सगिंतमय श्रीमद् वितक तथा कृष्ण कथा वाचन जारी छ। उक्त वाचनमा पछिल्लो समय भक्तजनको उल्लेख्य सहभागीता हुदै आएको छ।। कथाको वाचन कृष्ण प्रणामी धर्मका धर्मप्रचारीका साधवी पुजन शिखा माताले गर्दै आउनु भएको छ। प्रमुख वाचिका पुजन शिखा माताले आत्मा पहिचान गराउने धर्म शास्त्रहरु भनेको आफैलाई हेर्ने ऐना भएको बताउनु भयो। हरेक मानिसमा प्रेमको जागृत गराउन ज्ञानको आवश्यक हुने बताउनुभयो। उहाँले विगत देखि नै हिन्दु धर्म माथि प्रहार हुदै आएको बताउदै वितक कथा मार्फत हिन्दु जागरण सहित मानिसमा प्रेमको भाव प्रकट हुने बताउनुभयो। भाद्र २० गते कृष्ण प्राकट्य महोत्सव संगै यस वर्षको श्रीमद् वितक तथा कृष्ण कथा वाचन समापन हुने आयोजक श्री कृष्ण प्रणामी मन्दिर व्यवस्थापन समितिले जनाएको छ।

# 'छाप्राकको राते पहराले निदाउन दिँदैन'

पोखरापत्र संवाददाता
पोखरा, ७ भदौं

दलित समुदायको बाक्लो बस्ती भएको गाउँ हो 'छाप्राक'। गाउँमाथि राते पहरो छ। यही पहराका कारण छाप्राक जोखिममा छ। गाउँलेको एउटै पिरलो छ, कतिबेला के पो हुन्छ ? पानी पर्दा होस् या पानी बिसाएपछिको चर्को घाम लाग्दा होस्। उनीहरूलाई उही राते पहराले निदाउन दिँदैन।

छाप्राकको बस्तीमा केही दिन अघिमात्रै पहराबाट दुई ठूला ढुङ्गा फुटेर आए। स्थानीय श्यामबहादुर सार्की पहराबाट फुटेर आएका दुई ढुङ्गा बस्ती नजिकै आएपछि थप त्रसित अवस्थामा गाउँले बसेको बताउनुहुन्छ। "फुटेर आएको ढुंगा घरको नजिकै आएको छ", उहाँले भन्नुभयो, "घरभन्दा माथि बाँसघारी भएकाले ढुङ्गाको बेग कम भए पनि बाँस जरैपाई पल्टाएर ढुङ्गा घरैनेर आएको छ।" बाँसघारीले गर्दा गाउँमा जनधनको क्षति हुन पाएन नत्र के हुन्थ्यो यसै भन्न सकिने अवस्था थिएन। उक्त पहिरोबाट १७ घर प्रत्यक्षरुपमा प्रभावित हुने सार्की बताउनुहुन्छ।

"घरमा बस्दै गर्दा कतिखेर के हुने हो भन्ने कुराले पिरोलिरहन्छ", उहाँले भन्नुभयो, "अन्त कहाँ गएर बस्नु ? सङ्ख्या सानो भएको भए विद्यालयमा पनि अटिन्थ्यो होला गाउँ नै उठ्दा त्यो पनि सम्भव छैन।"

वालिङ-२ का वडाध्यक्ष पोतप्रसाद लम्साल गाउँमाथिबाट अकस्मात् दुई ठूला ढुङ्गा खस्दा घर नजिकैको बारीमा रोकिएका कारण जनधनको क्षति हुन नपाएको बताउनुहुन्छ। दलित समुदायको बाक्लो बसोबास रहेको छाप्राकमा जम्माजम्मी दुई सय चार घर छन्। उक्त पहिरोका कारण हालसम्म १७ घर उच्च जोखिममा छन्। अहिलेको अवस्था बढ्दै गएमा पूरै गाउँ नै जोखिममा पर्ने वडाध्यक्ष लम्सालले बताउनुभयो।

"बस्ती जोगाउनका लागि बस्तीभन्दा माथि बाँस लगाउँछौं, यसबाट ढुङ्गालाई रोक्ने र जनधनको क्षति हुन पाउँदैन", उहाँले भन्नुभयो, "यहाँका स्थानीय त त्रसित अवस्थामा हुनुहुन्छ, उहाँहरूले वडासँग बस्ती स्थानान्तरण गर्न मागसमेत गर्दै आउनुभएको छ।"

बस्ती नजिकै ढुङ्गा खसेपछि गाउँले त्रसित छन्। केहीदिन अघि जोखिमस्थलको स्याङ्जाका प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेसहितको टोलीले स्थलगत अनुगमन तथा अवलोकन गरेको थियो। गाउँमाथि रहेको पहराबाट दुई ठूला ढुङ्गा चर्किएर खसेकाले गाउँलेमा डर उत्पन्न भएको उहाँले बताउनुभयो। लगातार पानी परेर चर्को घाम लाग्दा ढुंगा फुट्ने र चर्कने भई खस्न सक्ने भएकाले सावधानी अपनाउनुपर्ने उहाँले बताउनुभयो।

"तत्कालै बस्ती सार्न सकिँदैन", उहाँले भन्नुभयो, "दीर्घकालीनरुपमा यसको समाधानका लागि भौगर्भिक अध्ययन गरी चट्टानको अवस्था, जोखिमको अवस्थाका बारेमा बुझेर के गर्दा उपयुक्त हुन्छ, सोहीअनुसार अगाडि बढ्छौं।"

# कांग्रेसका सातवटै प्रदेशका सभापतिको भेला पोखरामा हुने

पोखरापत्र संवाददाता
पोखरा, ७ भदौं

नेपाली कांग्रेसका सातवटै प्रदेशका सभापतिसहित पदाधिकारीको भेला यही भदौ १६ र १७ गते पोखरामा हुने भएको छ।

नेपाली कांग्रेसको आगामी मङ्सिर ११, १२ र १३ गते हुने महासमितिको बैठकमा पार्टी सङ्गठनलाई सुधार गर्नका लागि सामूहिक धारणा तय गर्ने गरी भेला आयोजना गरिएको नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले जानकारी दिनुभयो।

नेपाली कांग्रेस गण्डकी प्रदेश समितिको व्यवस्थापनमा हुने भेलाको उद्घाटन पार्टीका केन्द्रीय सभापति शेरबहादुर देउवाले गर्ने कार्यक्रम रहेको उहाँले बताउनुभयो। भेलामा प्रदेश समितिको भूमिका एवं पार्टीको संस्थागत विकासलगायतमा छलफल हुने जनाइएको छ।

## आवश्यकता

(प्रथम पटक प्रकाशित मितिः २०८०/०५/०६ गते)

**यस विद्यालयमा रिक्त रहेको लेखा तथा प्रशासन सहायक पद पूर्ति गर्न यस विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०५/०४ गतेको निर्णय अनुसार करार सेवामा नियुक्तिका लागि तपसिल बमोजिमको विज्ञापन गरिएको छ। योग्यता पुगेका नेपाली नागरिकले यही भदौ २० गते अपरान्ह ४ वजेभित्र रीतपूर्वक आवेदन दिनुहुन सूचित गरिन्छ।**

| क्र.स. | पद | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | लेखा तथा प्रशासन सहायक | व्यवस्थापन | १ | मान्यताप्राप्त शिक्षण संस्थाको व्यवस्थापन संकायबाट कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको। |

तलब सुविधा : नि. मा. वि. तहको शिक्षक सरह।
परीक्षा दस्तुर : १०००।-
परीक्षाको किसिम : लिखित र अन्तरवार्ता।
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ।
सम्पर्क मिति : २०८० साल भदौ २१ गते।
उमेर हद : दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
परीक्षा दस्तुर वापतको रकम राष्ट्रिय वाणिज्य बैंकको अमरसिंह चोकको विद्यालयको नाममा रहेको खाता नं ३४८०१०००१०७१३००१ मा जम्मा गरेको सक्कल भौचर वा अनलाईन पेमेन्ट भौचर निवेदन सहित संलग्न गर्नुपर्नेछ।
(नोट : यस विद्यालयमा आवासीय रुपमा पठनपाठन गरिने भएकाले छात्रावासमा बसेर जिम्मेवारी बहन गर्नेलाई प्राथमिकता दिइनेछ।)


विस्तृत जानकारीका लागि सम्पर्कः
सहिद स्मृति आवासीय माध्यमिक विद्यालय
पोखरा–१४, कास्की
सम्पर्क नं. ९८४६१४७६३६ वा ९८५६०४१९९५


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# कोशीमा दुई पटक संविधान मिचियो

सत्ता गठबन्धनले कोशी प्रदेशमा एक महिनाकै बीचमा दुई पटक असंवैधानिक तरिकाले सरकार बनेको सर्वोच्च अदालतले ठहर गरेको छ। अदालतले प्रथम दृष्टिमै कोशीका मुख्यमन्त्रीले लिएको विश्वासको मत संविधानसम्मत मान्न नसकिने भन्दै सम्भावित फैसलाको अंशसमेत दिएको छ। योसँगै अब कोशीका मुख्यमन्त्री उद्धव थापा कामचलाउमा सीमित भएका छन् । संविधानमाथि बलमिच्याइँ गरेर मुख्यमन्त्री बनेको कलंक थापाले बोकेका छन्। काङ्ग्रेस भित्रै संविधान विपरितका काम भएको भनी आलोचना भएको थियो । संविधानको रक्षा गर्न भनी बनेको गठबंधनले संविधान विपरितका हरकत पटकपटक गर्नु विडम्वना हो ।

सत्ता गठबन्धनको शीर्ष तहकै निर्देशनमा कोशीमा संविधानविपरीत हर्कत भइरहेकाले असंवैधानिक हर्कतको नैतिक जिम्मेवारी प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललगायतका नेताहरुले लिनुपर्नेछ । उनीहरुले संविधान जोगाउन यो गठबन्धन बनेको भन्ने नैतिक धरातलसमेत गुमाएका छन्।सत्ताका लागि संविधान मिच्ने, कानुन विपरितका काम गर्ने र राष्ट्रघातका काम गठबंधनले गर्दै आएको छ। सर्वोच्चका न्यायाधीश ईश्वर खतिवडाको एकल इजलासले मुख्यमन्त्री थापाले संविधानसम्मत रुपमा विश्वासको मत प्राप्त गरेको भनी मान्न मिल्ने अवस्था नदेखिएको भन्दै पूर्ण सुनुवाइ नहुँदासम्म प्रदेश सरकारलाई दीर्घकालीन असर पर्ने कुनै नीतिगत निर्णय नगर्न नगराउन अन्तरिम आदेश दिएको छ।

अध्यक्षता गर्ने सदस्यले दिएको मतसमेत गणना गरी उद्धव थापाले विश्वासको मत प्राप्त गर्नुभएको भनी घोषणा गरिएको कार्य संविधानको धारा १६८ (२) र (४) तथा धारा १८६, संसदीय अभ्यास, संवैधानिक नैतिकतालगायत अदालतबाट प्रतिपादित सिद्धातसमेतको प्रतिकूल रहेको इजलासको ठहर छ । '२०८०/५/४ गते बसेको कोशी प्रदेशसभाको बैठकमा प्रदेशसभाका सदस्यहरु इस्माइल मन्सुरी र गीता तिमल्सिनाले पालैपालो गरी सभाको अध्यक्षता गरेको देखियो। सोही बैठकका सन्दर्भमा निजहरु दुवै जनाले माननीय मुख्यमन्त्री उद्धव थापाउपरको विश्वासको मत दिएको र सो मतसमेत गणना गरी उद्धव थापाप्रति विश्वासको पक्षमा कुल ४७ मत र विपक्षमा ३० मत प्राप्त भएको भनी घोषणा भएको देखियो', आदेशमा भनिएको छ, 'नेपालको संविधानको धारा १८६ बमोजिम प्रदेशसभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्ताव निर्णय गर्दा मत बराबर भएको अवस्थामा बाहेक अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने देखिँदैन। विवादित मत दिइएको सन्दर्भमा मत बराबर भएको भन्ने देखिएन ।'

खतिवडाको इजलासले पूर्ण सुनुवाइका लागि अग्राधिकारसहित भदौ १५ गते पेशी तोक्न आदेश गरेको छ। त्यसअघि भदौ १३ गते साँझ ५ बजेभित्र कोशी प्रदेशसभामा मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत प्राप्त गरेको भनी गरिएको घोषणालगायत त्यससम्बन्धी अन्य कागजातसमेत सक्कलै साथै राखी लिखित जवाफ पेश गर्न आदेश भएको छ। कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले लिएको विश्वासको मत कानूनसम्मत नभएको सर्वोच्च अदालतले प्रारम्भिक सुनुवाइमै संकेत गरेको छ । 'प्रारम्भिक सुनुवाइको दृष्टिकोण पूर्ण सुनुवाइका बेला फेरिन पनि सक्छ । तर, यस रिटमा गरेको आदेश हेर्दा सर्वोच्च अदालतले आफ्नो अघिल्लो फैसलालाई टेकेको देखिन्छ। त्यो भनेको सभामुखको कुर्सीमा बसिरहँदा सरकारको पक्षमा उभिन पाइँदैन भन्ने हो' ।

यसअघि अघिल्लोपटक पनि खतिवडासहितको इजलासले थापा नेतृत्वको सरकार खारेज हुने फैसला गरेको थियो। सरकार गठन प्रक्रिया असंवैधानिक रहेको भन्दै दायर भएको रिटमा भएको उक्त फैसलापछि थापा गठबन्धनको समर्थन लिएर फेरि मुख्यमन्त्री नियुक्त भएका थिए । त्यसयता उनले विश्वासको मत लिएका हुन् । सरकारविहीनताको अवस्था सृजना हुन नदिन अदालतले मध्यमार्गी बाटो अपनाएको बताए । 'अदालतले प्रारम्भिक सुनुवाइमै विश्वासको मत संविधानसम्मत नभएको स्पष्ट भनेको छ । लिखित जवाफ आएको अवस्था नभएकाले अदालतले सरकारलाई कामचलाउमा सीमित गरेको छ। 'आजै फेरि नियुक्त गर भन्ने अवस्था नभएकाले सरकारविहीनताको अवस्था सृजना हुन नदिन मध्यमार्गी बाटो अपनाएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : मन चञ्चल |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चार सय परिवार अन्धकारमा राष्ट्रिय समाचार समिति

**रासस**
म्याग्दी, ७ भदौं

म्याग्दीको धवलागिरी गाउँपालिका-२ का करिब चार सय परिवार डेढ महिनादेखि अन्धकारमा छन्। पहिरोले दरखोला दोस्रो लघुजलविद्युत् परियोजनाको विद्युत्गृह बगाएपछि लुलाङ, खोरीया, लमसुङ र मेरेनीका बासिन्दा अन्धकारमा बस्न बाध्य भएका हुन् ।

मरेनीको फेदीमा रहेको ३५ किलोवाट क्षमताको उक्त परियोजनाको विद्युत्गृह गत असार अन्तिम साता बगाएको थियो। धौलागिरि-२ का वडाध्यक्ष अकप्रसाद विकका अनुसार परियोजना बगाउँदा चार बस्तीका तीन सय ७० परिवारको जनजीवन प्रभावित भएको छ।

"नहरको पानी सङ्कलन हुने ट्याङ्की भरिएर बग्दा खसेको पहिरोले विद्युत्गृह र पेनस्टक पाइप बगाएको छ", उहाँले भन्नुभयो, "पेनस्टक पाइप, विद्युत् गृह र उपकरण पहिरोले खोलामा मिसाएको छ।" विसं २०७८ भदौमा बाढीले बगाएको परियोजना मर्मत गरेर छ महिनापछि पुनःसञ्चालन गरिएको थियो । लमसुङमा रहेको परियोजना २०७२ सालमा जुगेपानी पहिरोले बगाएपछि मरेनीको फेदीमा स्थानान्तरण गरिएको थियो । दरखोला दोस्रो लघुजलविद्युत् परियोजना योसहित तेस्रो पटक पहिरोको चपेटामा परेको छ।

केन्द्रीय प्रसारण लाइन नपुगेको लुलाङका बासिन्दा बिजुलीका लागि लघुजलविद्युत् परियोजनामाथि निर्भर छन्। परियोजना बन्द हुँदा लुलाङका बासिन्दाको जनजीवन प्रभावित भएको उपभोक्ता भक्त सिंकिजा पुनले बताउनुभयो । उज्यालोका लागि टुकीको भर पर्नुपर्ने, वडा कार्यालय, स्वास्थ्य संस्थाको सेवा प्रभावित, मोबाइल चाँर्ज गर्न, ल्याबटप, कम्प्युटर चलाउन समस्या भएको छ। विद्यार्थीलाई पढ्न र स्थानीयवासीलाई घरायसी काम गर्न समस्या भएको छ । पछिल्लोपटक परियोजना मर्मत गर्न गाउँपालिकाले रु १२ लाख र स्थानीय पूर्वाधार विकास कार्याक्रममार्फत रु दश लाख खर्च भएको थियो । धौलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनले लुलाङ, खोरीया, लमसुङ र मरेनीमा जति सक्दो छिटो केन्द्रीय प्रसारण लाइनको विद्युतीकरण गर्न पहल गरेको बताउनुभयो।

"नेपाल विद्युत् प्राधिकरणले यसपालि म्याग्दीमा विद्युतीकरण विस्तारका लागि रु २० करोड बजेटको ठेक्का सम्झौताको तयारी छ", उहाँले भन्नुभयो, "लुलाङको विद्युत्सम्बन्धी समस्याको दीर्घकालीन समाधानका लागि केन्द्रीय लाइन विस्तारलाई छिटो कार्यान्वयन गराउन पहल गरेका छौं।"

# तनहुँमा एक लाख स्वास्थ्य बीमामा आबद्ध

**रासस**
दमौली, ७ भदौं

तनहुँमा एक लाख भन्दाबढी जनसङ्ख्या स्वास्थ्य बीमामा आबद्ध भएका छन् ।

हालसम्म जिल्लाका एक लाख १४ हजार आठ सय ८७ जना स्वास्थ्य बीमामा आबद्ध भएका हुन् । विसं २०७८ को जनगणना अनुसार जिल्लाको जनसङ्ख्या तीन लाख २६ हजार नौ सय ६२ रहेकामा ३५ प्रतिशत मात्रै जनसङ्ख्या स्वास्थ्य बीमामा आवद्ध भएको स्वास्थ्य बीमा बोर्ड तनहुँले जनाएको छ। जनचेतना र गरिबीका कारण अझै पनि केही नागरिक स्वास्थ्य बीमामा आबद्ध हुन नसकेको बोर्डका दर्ता अधिकारी सिर्जना पोख्रेलले जानकारी दिनुभयो।

कार्यालयका अनुसार व्यास नगरपालिकाका- २१ हजार सात सय २८ जना, आँबुखैरेनी गाउँपालिकाका छ हजार चार सय ३६ जना, बन्दीपुर गाउँपालिकाका सात हजार छ सय २७, भानु नगरपालिकामा ११ हजार तीन सय ४५, भिमाद नगरपालिकाका १४ हजार एक सय ६७, देवघाट गाउँपालिकाका आठ हजार छ सय ३५ जना स्वास्थ्य बीमामा आबद्ध भएका छन् । त्यस्तै घिरिङ गाउँपालिकाका पाँच हजार दुई सय ८१, शुक्लागण्डकी नगरपालिकाका- २८ हजार पाँच सय ९७, म्याग्दे गाउँपालिकाका सात हजार दुई सय ३९ जना स्वास्थ्य बीमामा आबद्ध भएको कार्यालयले जनाएको छ । जिल्लामा स्वास्थ्य बीमामा आबद्ध भएकालाई प्रथम सेवा बिन्दु ६ वटा रहेका छन्। पुरनडिही प्राथमिक स्वास्थ्य केन्द्र, भीमाद प्राथमिक स्वास्थ्य केन्द्र, बन्दीपुर अस्पताल, जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्र, दमौली अस्पताल र आँबुखैरेनी अस्पतालबाट सर्वसाधारणले स्वास्थ्य बीमाको सुविधा पाउने गरेका छन् । तर सर्वसाधारणले प्रथम सेवा विन्दुमा विशेषज्ञ स्वास्थ्यकर्मी, औषधि र उपकरणको पर्याप्त सुविधा नहुँदा प्रथम सेवा विन्दुबाट सबै प्रकारका स्वास्थ्य सेवा लिनबाट वञ्चित भएको दर्ता अधिकारी पोख्रेलको भनाइ छ । उहाँले भन्नुभयो, "केही अस्पतालका कर्मचारीले बिमितले नलिएको स्वास्थ्य सेवा उपचार र औषधिको दाबी भुक्तानी लिने गरेको गुनासो आएको छ । जनता सचेत भएकोमा फर्जी भुक्तानी दाबी रोकथाम गर्न सकिन्छ ।" स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन बीमा नीति नै बाधक रहेको दमौली अस्पतालका प्रमुख डा परिवर्तन बरालले बताउनुभयो । उहाँले भन्नुभयो, "बीमा पोलिसी अनुसार सरकारले आवश्यक रकम उपलब्ध नगराउँदा पर्याप्त औषधि खरिद गर्न सकिएको छैन। जसकारण बीमामा आवद्ध नागरिकलाई प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन सकिएको छैन।" स्वास्थ्य बीमा कार्यक्रममा सहभागी हुन पाँच जनासम्मको परिवारले वार्षिक रुपमा रु तीन हजार पाँच सय तिर्नुपर्ने हुन्छ । परिवारमा पाँच जना भन्दा बढी सदस्य भएमाप्रति सदस्यको रु सात सयका दरले थप रकम तिर्नुपर्ने प्रावधान छ । स्वास्थ्य बीमा नियमावली २०७५ ले ७० वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई नेपाल सरकारले नै प्रिमियम रकम तिरेर निःशुल्क स्वास्थ्य बीमा गरेको छ।


## बुटिक बिक्रीमा

**सृजनाचोकमा अत्यन्त चालु अवस्थामा रहेको बुटिक पसल विशेष कारणवस तुः बिक्रीमा छ ।**

**सम्पर्क:**
**९८१५१५६३०३**


# फेवा सहकारीको बित्तीय कारोबार तथा सहकारी शिक्षा अभिमुखीकरण तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं




फेवा बचत तथा ऋण सहकारी सस्था लि. मा आबद्ध शेयर सदस्यहरूलाई सहभागी गराई फेवा सहकारीको हालको बित्तीय कारोबारका साथ सहकारी शिक्षा अभिमुखीकरण तालिम १ सय ३० जना सदस्यहरूको सहभागितामा सम्पन्न गऱ्यो।

सहकारीको हालको बित्तीय कारोबार र सहकारी शिक्षा अभिमुखीकरण तालिम कार्यक्रममा प्रशिक्षक एवं सप्त गण्डकी दुध उत्पादक सहकारी संघ कास्कीका अध्यक्ष पुण्य प्रसाद पौडेलको प्रमुख अतित्थ्यतामा शुभारम्भ गरिएको थियो । उक्त अभिमुखी करण तालिममा फेवा सहकारीले आफ्ना शेयर सदस्यहरूलाई सहकारी भनेको के हो भन्ने जानकारी गराउने उद्देश्य राखी आफ्ना सदस्यहरूलाई सहकारीले दिएको शिक्षाको प्रगति र उन्नतीको कामना गर्दै सहकारी शिक्षालाई आफ्ना अन्य सदस्य सम्म पुऱ्याउनु भई फेवा सहकारी र सदस्य बिच नङ र मासुको सम्बन्ध रहने बताउनु हुदै हाल नेपाली नागरिकहरूले सहकारीलाई हेर्ने दृष्ट्रि राम्रो नरहेको अबस्थामा समेत फेवाले आफ्नो खुट्टा नलर्बराई सहकारीलाई हेर्ने दृष्टिमा फेवा सहकारी अटल रहेको बताउनु हुदै सफलताको शुभकामना दिनुका साथ फेवाको बित्तीय पिल्लर मजबुत रहेको बताउनु हुदै हालको अबस्थामा समेत बित्तीय कारोबारमा गण्डकी प्रदेशकै उत्कृष्ट बैकिङ्ग कारोबार गर्ने सहकारीमा पहिलो भै सम्मानित भएको फेवा सहकारीको प्रगतिको कामना गर्नुभयो।

सहकारी शिक्षा अभिमुखी करण कार्यक्रममा अति सरल भाषामा सहकारीको परिभाषा, सहकारीको अर्थ, सिद्धान्त र सहकारी भनेको के हो भन्ने बिषयमा केन्द्रित रहि सहकारी भनेको सानो सानो रकम जम्मा गर्ने एउटा थलो र खाने भन्दा हुदाखाने हरूलाई सहभागी र त्यस्तालाई सहयोग गर्ने सस्था भनेको सहकारी हो जस्तै न्यून आय आर्जन र आर्जन भएका शेयर सदस्यहरूलाई एकै ठाउमा समेटी साथ र सहयोग गर्ने सस्था भएको हुदा सहकारी र बैकमा धेरै फरक भएको स्पष्ट पार्नु हुदै सहकारी भनेको आफू मालिक हो र बैक भनेको मालिक होइन कारोबार गर्ने ब्यक्ति मात्र भएकोभन्ने बिषयमा सरल तरिकाबाट प्रशिक्षण दिनुहुदै सहकारीमा पनि फेवा मै किन भन्ने कुरालाई पुष्टि गर्नुभयो।

पोखराको गनिने मध्य आफ्नै भवन र शेयर सदस्यहरू बिच राम्रो समन्वय रहेको सहकारी फेवा सहकारी हो र आज सहकारी शिक्षा सबैमा आउनु पर्छ भनी सहकारी शिक्षा अभिमुखीकरण तालिमको आयोजना गरि १ सय ३० जनाको सहभागीतालाई प्रमुख अतिथि पुण्य प्रसाद पौडेलले प्रशिक्षण दिनुभयो । सस्थाको बित्तिय गतिविधि तथा सहकारी शिक्षा अभिमुखीकरण तालिम सम्पन्न कार्यक्रममा फेवा सहकारीका सचिव दिल बहादुर भट्टराईले सस्थाको रणनीतिक योजनाको भुमिका तथा भावी कार्यदिशाको बारेमा सहजीकरण गर्नु भएको कार्यक्रममा फेवा सहकारीको हालको बित्तिय कारोबार र सहकारी शिक्षा प्रशिक्षण कार्यक्रममा फेवा बचत तथा ऋण सहकारीका प्रमुख कार्यकारी अधिकृत हरिभक्त पौडेलले फेवाको स्थापना देखी आजसम्मको बित्तियाकरोबार को बारेमा बताउनुहुदै २७ जनाबाट रू ४७ हजार ५ सय संकलन गरि संचालित फेवा सहकारीमा हाल २५ सय ६१ जना शेयर सदस्य रहेको बताउनु हुदै हाल फेवा सहकारीमा शेयर सदस्य, जगेडा कोष, बचत, ऋण लगानी र अन्य कोष स्थापना गरी संचालन गरेको बताउनु भयो। १ अर्ब २२ करोड ४५ लाख कारोबार रहेको सहकारीमा हाल जिरो कि मी र भद्रकाली सेवा केन्द्र भद्रकाली चोकमा समेत संचालन गरिएको जानकारी गराउनु हुदै सदस्यहरूको माया ममता र सदस्यहरूको बिश्वासले सस्था राम्रो हुदै गएको र हामी सधै सदस्य मुखी बनी सेवा गर्ने बताउनुभयो।

उक्त फेवा बचत तथा ऋण सहकारी सस्थाका अध्यक्ष क्या. चन्द्र प्रसाद गुरुङ्गको अध्यक्षमा सम्पन्न बित्तीय कारोबार तथा सहकारी शिक्षा कार्यक्रम मा सस्थाका कोषाध्यक्ष शेर काजी गुरुङ्गले स्वागत मन्तव्य व्यक्त गर्नु भएको कार्यक्रममा सहकारी शिक्षा समितिका सदस्य किरण पाण्डेले कार्यक्रम संचालन गरेको थियो।

# पोखरामा शुक्रबार गायक नबिन के भट्टराईको लाइभ कन्सर्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं

लामो समय पछि गायक नबिन के भट्टराई आफ्नो व्याण्ड सहित पोखरामा लाइभ कन्सर्टमा लिएर आउन लागेका छन् ।

पोखराको लेकसाइडमा रहेको प्याराडिसो स्पोर्ट्स बार एन्ड ग्रिलमा भदौ ८ गते शुक्रबार साँझ लाइभ कन्सर्ट मार्फत दर्शकमाझँ आउदै छन् । युवा पुस्ताका गायक नविन के भट्टराईलाई एक फरक शैलिमा गीत गाउने खाएका रुपमा पनि चिनिन्छन् । गायक भट्टराईले तिमि हौ लाखौंको धड्कन, साँझ पख, रात बित्यो, चाहना छ एउटै मेरो, सम्झिरहन्छु, सयौं लास टेकेर, साँझपखा, दोबाटोमा, तिमिले हेर्दा कसैलाई जस्ता चर्चित गीतबाट दर्शकलाई मनोरञ्जन दिने छन् । गायक भट्टराईको पोखरा लामोसमय पछि कर्न्सट हुन लागेको बताउदै प्याराडिसोका म्यानेजर हरि पौडेलले प्रशंसक र शुभचिन्तक राम्रो उपस्थिती रहने बताए । मध्यरातसम्म लाइभ कन्सर्ट चल्ने छ। कार्यक्रमको टिकट १ हजार र ५ सय रुपैया पौडेलले बताए। उनले क्युआरकोड प्रयोग गरेर इसेवाबाटै अग्रिम टिकट लिन र अग्रिम टेबल बुकिङ गर्न सकिने बताए । टेबल बुकिङ गर्नेका लागि प्रबेश शुल्क नलाउने उनको भनाई छ। नवीन के भट्टराईले सन् १९९० बाट आफ्नो सांगीतिक करियर सुरु गरेका हुन् । उनले "द स्टिल ह्वील" ब्यान्डबाट गायक र रिदम गिटारवादकको रूपमा गरेका थिए । ५० बर्षिय भट्टराईले अहिले सम्म दर्शन बढि एलबमहरु निकाली सकेका छन् । उनलाई पप स्टारका रुपमा दर्शकले चिन्दै आएका छन् । उनले नेपाली सांगितीक क्षेत्रमा विभिन्न म्युजिक अवार्ड र पुरस्कार समेत जितेका छन् ।


# जेबी टुहुरेलाई जनगायक उपाधि प्रदान गर्ने निर्णय

**रासस**
काठमाडौं, ७ भदौं

सरकारले गीत-सङ्गीतमार्फत राष्ट्रलाई पुऱ्याउनुभएको योगदानको कदरस्वरूप स्व जेबी टुहुरे (जुठबहादुर टुहुरे खड्गी)लाई जनगायक उपाधि प्रदान गर्ने निर्णय गरेको छ।

साउन ३० र भदौ ६ गते बसेको मन्त्रिपरिषद्का निर्णयहरू आज पत्रकार सम्मेलन गरी सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको विस्तृत आयोजना प्रतिवेदन परिमार्जन गर्न स्वीकृति दिने निर्णय भएको जानकारी दिनुभयो । धुलिखेल अस्पताल ट्रमा तथा आपत्कालीन केन्द्र सुधार परियोजनाका लागि जापान सरकारबाट प्राप्त हुने जापानी येन तीन अर्ब २९ करोड ६० लाख अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ । विज्ञान, प्रविधि तथा नवप्रर्वतनसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने र वड्कापथ सिँचाई आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने पनि सरकारको निर्णय छ। युनिसेफको आयोजनामा नेदरल्यान्डसूको हेगमा आयोजना हुने ग्लोबल कन्फरेन्समा राष्ट्रिय योजना आयोगका सदस्य प्रा डा आरपी बिच्छालाई सहभागिताका लागि स्वीकृति प्रदान गरिने भएको छ। त्यसैगरी एसियाली विकास बैंकबाट रुरल कनेक्टिभिटी इम्पावरमेन्ट प्रोजेक्ट अडिसनल फाइनान्सीका लागि प्राप्त हुने १० करोड अमेरिकी डलर सहुलियतपूर्ण ऋण सहायता स्वीकृत गर्ने मन्त्रिपरिषद्को निर्णय छ।


## एउटै व्यक्ति भएको सूचना



पर्वत जिल्ला साविक ठानामौला गा.वि.स. वडा नं.-७ हाल फलेवास नगरपालिका वडा नं.-८ बस्ने भारतीय सेना 3/8 जि.आर. भु.पु. नं. 5746956 WNK हुम बहादुर गुरुङको श्रीमती मायो गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर मायो गुरुङ उल्लेख भएको र निजको श्रीमानको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नामथर पूर्ण माया गुरुङ उल्लेख भई नामथर फरक भएता पनि दुई नामथर भएको व्यक्ति एउटै भएको भनी फलेवास नगरपालिका ८ नं. वडा कार्यालय पर्वतको च.नं. ३६ मिति २०८०/०४/१८ को पत्रबाट उल्लेख भई आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ ।

# स्वास्थ्यलाई प्राथमिकतामा राख्दै स्थानीय तह

**रासस**
बलेवा, ७ भदौं

बागलुङका स्थानीय तहले नागरिकको स्वास्थ्यलाई प्राथमिकतामा राखेर पूर्वाधार तथा उपकरणको व्यवस्थापनमा ध्यान दिन थालेका छन् । स्थानीय तहले अत्यावश्यक स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार, उपकरण र स्रोत साधनको व्यवस्थापनमा स्थानीय तहले ध्यान दिन थालेका हुन् ।

गलकोट नगरपालिकाले सञ्चालनमा ल्याएको नगर अस्पताल चर्चामा छ । गलकोट र आसपासका बिरामीले अस्पतालबाट चिकित्सकसहितको सेवा लिइरहेका छन् । अस्पतालका लागि आवश्यक पूर्वाधार, प्रयोगशाला र चिकित्सककोसमेत व्यवस्था गरेर नगर अस्पताल सञ्चालनमा आएको हो । अस्पताल सञ्चालनमा आएदेखि नै दैनिक बिरामीको चाप बढ्दो क्रममा रहेको अस्पतालमा प्रमुख डा राजेश पौडेलले बताउनुभयो । यसअघि गलकोट क्षेत्रका सर्वसाधारणलाई समान्य उपचारका लागिसमेत जिल्ला सदरमुकाम वा छिमेकी जिल्ला धाउनुपर्ने बाध्यता थियो । जैमिनी नगरपालिकाले सुविधासम्पन्न एम्बुलेन्स सञ्चालनको तयारी गरिरहेको छ। प्राथमिक स्वास्थ्य केन्द्र कुश्मीशेरामा प्रयोगशाला विस्तार र नगर अस्पताल सञ्चालनका लागि जग्गा व्यवस्थापन लगायतका काम भइरहेको नगर उप्रमुख हरिहर शर्मा बताउनुहुन्छ । कुश्मीशेरा प्राथमिक स्वास्थ्यचौकीको सुधार, विस्तार, चिकित्सकको व्यवस्थापन र पूर्वाधार विकासले त्यहाँ बिरामीको चाप छ। सदरमुकामसमेत रहेको बागलुङ नगरपालिका-१३ पैंयुपाटामा नगर अस्पताल सञ्चालनमा ल्याइएको छ । अस्पताल भवन निर्माणाधिन छ । नगरका हरेक वडामा प्रयोगशालासहित स्वास्थ्यकर्मीको सेवा विस्तार गर्ने योजना नगरपालिकाले अघि सारेको छ।

"हामी नागरिकको स्वास्थ्यप्रति गम्भीर र संवेदनशील छौँ", नगरप्रमुख वसन्तकुमार श्रेष्ठले भन्नुभयो, "कम्तीमा आधारभूत स्वास्थ्य सेवा सर्वसुलभ बनाउनै पर्छ ।" जिल्लाको निसीखोला गाउँपालिकाले सर्वसाधारणको स्वास्थ्यलाई मध्यनजर गरेर एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको छ । गाउँपालिकाले आव २०७९/८० को बजेटमा रु २० लाख १० हजार बजेट विनियोजन गरेर एम्बुलेन्स ल्याएको हो । यसअघि सो गाउँपालिका एम्बुलेन्सविहीन थियो । एम्बुलेन्स सञ्चालनका लागि कानुनी प्रक्रियाअनुसार अनुमति लिएर अगाडि बढ्ने र पालिकाले कार्यविधि तथा भाडादर निर्धारण गरेपछि एम्बुलेन्स सञ्चालन हुने गाउँपालिका अध्यक्ष सूर्यबहादुर घर्तीले बताउनुभयो।बरेङगाउँपालिकालेसामुदायिक फार्मेसीमार्फत नागरिकलाई घरघरमै सबैखाले रोगका औषधि उपलब्ध गराउँदै आएको छ। गाउँपालिकाका स्वास्थ्यचौकीमा आधारभूत तहको भिडियो एक्स-रे सञ्चालनमा ल्याएको गाउँपालिकाले स्वास्थ्यकर्मीको व्यवस्थापन र उपचार पद्धतिलाई प्राथमिकतामा राखेको छ। बडिगाड गाउँपालिकाले क्षयरोग, कुष्ठरोगजस्ता सरुवा रोगको खोजी र उपचार गर्ने कार्यलाई प्राथमिकतामा राखेर कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। नागरिक स्वस्थ रहेमात्रै विकास हुने धारणा गाउँपालिका अध्यक्ष गण्डकी थापा अधिकारीले राख्ने गर्नुभएको छ।

विकास भन्नेबित्तिकै सडक, भवनजस्ता संरचना सम्झिने परिपाटीलाई विस्तारै स्थानीय तहले स्वास्थ्य क्षेत्रको विकासलाई पनि ध्यान दिन थालेकामा स्वास्थ्यकर्मीले खुसी व्यक्त गर्छन् । जिल्लाका १० स्थानीय तहमध्ये अब केही स्थानीय तहमा एम्बुलेन्स सेवा छैन । बाँकी सबै स्थानीय तहमा एम्बुलेन्स सञ्चालनमा आउँदा नागरिकले आधारभूत स्वास्थ्य सेवा पाउनबाट बञ्चित हुन नपर्ने स्वास्थ्यकर्मी बताउँछन् ।

# पोखरामा ईन्टर कलेज व्याण्ड कम्पिटिसन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं

पोखरामा असोज दोश्रो साता ईन्टर कलेज व्याण्ड कम्पिटिसन हुने भएको छ ।

पोखरेली कलाकारहरुको साझा संस्था पोखरा सांगीतिक कलाकार संघको आयोजनामा आगामी असोज १२ र १३ गते पोखरामा ईन्टर कलेज व्याण्ड कम्पिटिसन आयोजना हुने भएको हो । पोखरा प्रदर्शनी केन्द्र परिसरमा रहेको डोममा हुने प्रतिष्पर्धामा देशभरका कलेजमा रहेका सांगीतिक व्याण्डहरुले प्रतिष्पर्धा गर्न पाउने संघले जनाएको छ। प्रतिष्पर्धामा रहेका व्याण्डहरुमा कक्षा ८ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरु मात्र सहभागि हुन पाउने संघका अध्यक्ष हर्कराज गुरुङ (भाई)ले स्पष्ट पारे ।

प्रतियोगिताका लागि सहभागि हुन चाहने कलेज व्याण्डहरुले फारम भरेपछि डिजिटल अडिसन दिनुपर्नेछ । जसका लागि कलेज व्याण्डले कभर सङ्ग गाएर त्यसको भिडियो पठाउनुपर्नेछ। डिजिटल अडिसनको भिडियो भदौ २९ गतेसम्ममा पठाई सक्नुपर्ने अध्यक्ष गुरुङले बताए । त्यसमा छनौट भएका व्याण्डहरुले पुनः फिजिकल अडिसन दिनुपर्ने उनले जानकारी दिए। फिजिकल अडिसनबाट छनौट भएकाहरु सेमीफाईनलमा पुग्ने अध्यक्ष गुरुङ बताउँछन्। 'त्यसपछि सेमीफाईनल राउण्डबाट फाईनलिष्ट चयन गर्छौं र उनीहरुबीच प्रतिष्पर्धा गराई उपाधि बिजेता चयन गर्छौं'-उनले भने। उनका अनुसार व्याण्डहरुले फिजिकल अडिसन र सेमीफाइनलमा कभर सङ्ग मात्र गाए पुग्छ भने फाइनलमा एउटा कभर सङ्ग र अर्को एउटा आफ्नो मौलिक (ओरिजिनल) गीत गाउनुपर्नेछ।

ईन्टर कलेज व्याण्ड कम्पिटिसनका लागि शुक्रबारदेखि फारम भर्न सकिने जनाइएको छ । फारम भदौ २५ गतेसम्म भर्न सकिने र त्यसको शुल्क दुई हजार निर्धारण गरिएको संघका अध्यक्ष गुरुङले जानकारी दिए । उनका अनुसार ईन्टर कलेज व्याण्ड कम्पिटिसनका लागि फारम पेपे पिज्जा रेष्टुरेट (भाटभटेनीको माथिल्ला तला) न्यूरोड, जोजलपा नेवारी किचन तेर्सापट्टी, देउराली साउण्ड एण्ड म्यूजिक रामबजार, एसके साउण्ड महेन्द्रपुल, पोखरा म्यूजिक हाउस र गिटार नेसन न्यूरोडमा पाईन्छ।

प्रतियोगिताको उपाधि बिजेतालाई नगद १ लाखसहित प्रमाणपत्र, उपबिजेतालाई नगद ५० हजार र तेश्रो हुनेलाई नगद २५ हजारसहित प्रमाणपत्र प्रदान गरिने क्लवका सचिव भाष्करध्वज श्रेष्ठले जानकारी दिए । त्यस्तै, प्रतियोगितामा उत्कृष्ट भोकल, लिड गिटार, रिदम गिटार, बेस गिटार र उत्कृष्ट ड्रमरलाईपनि नगद ५/५ हजारसहित प्रमाणपत्र प्रदान गरिने उनले बताए।

पोखराको सांगीतिक माहोल तताउँदै व्याण्डहरुलाई पुनःजागृत गराउने उद्देश्यले ईन्टर कलेज व्याण्ड कम्पिटिसन गर्न लागेको अध्यक्ष गुरुङले बताए। 'नब्बेको दशकमा व्याण्डहरुको जगजगी थियो तर पहिलेजस्तो अहिले रहेन । कोरोना र आर्थिक मन्दीले त झन् सांगीतिक क्षेत्रलाई नराम्ररी प्रभावित बनायो । त्यसैले सुस्ताएको व्याण्ड र सांगीतिक क्षेत्रलाई पुनःजागृत गराउन प्रतियोगिता आयोजना गरेका हौं'-उनले भने। प्रतियोगिताले विद्यालयमा अध्ययनरत विद्यार्थीमा लुकेर रहेका प्रतिभाको उजागर गर्नुका साथै विद्यालयमा सांगीतिक माहोल सिर्जना गर्नका लागि वातावरण बनाउने उनको भनाई छ।

प्रतियोगिताले संगीतको माध्यमबाट सुस्ताएको पर्यटन उकास्न भूमिका खेल्ने संघका उपाध्यक्ष टोपबहादुर खत्री (कान्छादाई)ले बताए। 'मुर्झाएको पर्यटनलाई उकास्दै समग्र अर्थतन्त्र चलायमान गराउनपनि प्रतियोगिता कोशेढुंगा सावित हुनेमा हामी विश्वस्त छौं'-उनले भने।

# तनहुँमा अङ्गुरखेती : पहिलो वर्ष रु १८ लाखको उत्पादन

**रासस**
तनहुँ, ७ भदौं

तनहुँको घिरिङ गाउँपालिका-४ स्थित बाह्रबिसेमा अठार लाख मूल्यबराबारको अङ्गुर उत्पादन भएको छ।

खेती सुरु गरेको पहिलो वर्षमै उद्यमी कुमार कार्कीले सो मूल्यबराबारको अङ्गुर उत्पादन गर्नुभएको हो । गतवर्ष ७० रोपनी जग्गा खरिद गरेर उहाँले व्यावसायीक अङ्गुर खेती थालनी गर्नुभएको थियो ।

'भाइन यार्ड एन्ड रिसर्च सेन्टर' फार्म स्थापना गरी सुरुमा रु एक करोड ५० लाख लगानी गरेको सञ्चालक कार्कीले जानकारी दिनुभयो । "नौ हजार किलोग्राम अङ्गुर उत्पादन भएको छ, उहाँले भन्नुभयो,"बजारको 'मूल्य अनुरुप प्रतिकिलो रु दुई सयका दरले उक्त मूल्यको अङ्गुर उत्पादन भएको हो ।"उक्त क्षेत्रमा करिब नौ हजार पाँच सय बिरुवा रोपिएको उहाँले बताउनुभयो । कम्पनीले वार्षिक १० हजार किलो अङ्गुर उत्पादन गर्ने लक्ष्य राखेकोमा लक्ष्यको नजिक नजिक पुग्न सफल भएको उहाँले बताउनुभयो । जिल्लामा उत्पादन भएका सबै अङ्गुरबाट वाइन उत्पादन गर्नका लागि धादिङमा पठाइएको छ,उहाँले भन्नुभयो "कम्पनीले सात सय ५० एमएलको बोतलमा तीन प्रकारका वाइन उत्पादन गरिरहेको छ।" धादिङको थाँक्रे गाउँपालिका-१० जुडेखोला केवलपुरमा विगत १५ वर्षदेखि तीन सय रोपनी क्षेत्रफलमा तीस हजार बिरुवा लगाएर व्यावसायिक अङ्गुरखेती गरी वाइन उत्पादन गर्दै आएको छ । कम्पनीले धादिङमा रु ३८ करोड ५० लाखको लागतमा अङ्गुरखेती र वाइन उत्पादन गर्दै आएको हो । वाइन बजारमा प्रतिबोतल रु एक हजार दुई सयमा बिक्री गरिरहेको छ । ' हामीसँग हाल वार्षिक तीन लाख लिटर वाइन उत्पादन गर्ने क्षमता छ, उहाँले भन्नुभयो "यसले पनि अङ्गुरखेतीलाई प्रोत्साहन गरेको छ ।" वर्षामा एक पटक अङ्गुर फल्ने भएकाले अन्य समयमा फार्ममा रेखदेख, गोडमेल, काँटछाँट र बिरुवा मरेका ठाउँमा नयाँ बिरुवा लगाउने लगायतका कार्य गर्ने गरिएको छ । फार्ममा विभिन्न ३२ प्रजातिका अङ्गुरखेती गरिए पनि ८ देखि १० प्रजातिका अङ्गुरले मात्रै राम्रो उत्पादन दिएको कार्कीले बताउनुभयो । फार्ममा हारियोमा सुजी, कायाबिनेट क्यान्टर, मनाज, सोबिनियन ग्रिस तथा खानका लागि फन्नी, सोफिया, आरकडिया, पोलिस्की, दुचबा, चालिचमान लगायतका जातका अङ्गुर रहेको छ । अङ्गुरको बोटमा चैत, वैशाखमा फूल फूल्छ भने त्यसपछि तीन महिनामा फल टिप्न तयार हुने फार्ममा कार्यरत प्राविधिक सान्नानी तामाङले बताउनुभयो । फागुनदेखि फूल खेल्ने र असार पहिलो सातासम्म फल टिप्न सकिने छ । फार्ममा दैनिक ज्यालादारीमा आवश्यकता अनुरुप स्थानीय मानिसले प्रत्यक्ष रोजगारी पाउने गरेका छन्।

धादिङमा भएको फार्मका लागि बागमती प्रदेश बिग फार्म शीर्ष अन्तर्गत १२ फार्ममापर्न सफल भई रु ५५ लाख अनुदानसमेत प्राप्त गरिसकेको सञ्चालक कार्कीले बुताउनुभयो । घिरिङको माटोमा अङ्गुर उत्पादन राम्रो हुने भएपछि किसानलाई पनि खेतीतर्फ प्रोत्साहन गर्न पालिकासँग समन्वय भइरहेको कृषि शाखा अधिकृत रवि रामदामले बताउनुभयो ।

यस क्षेत्रको हावापानी र माटो अङ्गुरखेतीका लागि उपयुक्त मानिएकाले किसानलाई यसतर्फ आर्कर्षित गराउन लागिएको सो गाउँपालिकाले जनाएको छ।

# लायन्स क्लब युनाइटेड चौतारीको पदस्थापन तथा चार्टर नाइट

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं



लायन्स क्लब युनाइटेड चौतारीको पदस्थापन तथा चार्टर नाइट कार्यक्रम सम्पन्न भएको छ।

उक्त कार्यक्रममा प्रमुख अतिथी डिस्ट्रीक गभर्नर ला. हरि प्रसाद मरहट्ठाले युनाइटेड चौतारी डिष्ट्रिकमा अब्बल क्लब रहेको र डिष्ट्रिकलाई हाक्न सक्ने क्षमता यस क्बलमा रहेको वताउदै क्लबका सदस्यहरु प्रति आभार ब्यक्त गरे । उक्त कार्यक्रममा पिडिजि ला. धुर्ब ब थापा, आइपिडिजि ला. धुर्ब श्रेष्ठ, प्रस्ट भिडिजि ला. मिलन थापा, पिएमसिसि पिडिजि ला. प्रेम बहादुर श्रेष्ठ, चिफ एड्भाइजर ला. प्रजापति बास्तोला, को चिफ एड्भाइजर ला. कृष्ण प्रसाद शर्मा, रिजन चियर पर्सन ला. सूर्य बराल लगायतले शुभकामना मन्तब्य राखेका थिए । उक्त कार्यक्रममा ला. नरहरी पनेरुले आफ्नो कार्यकालमा भएका सामाजिक कार्यहरु तथा डिष्ट्रिकलाई पुऱ्याएको योगदानको बारेमा चर्चा गर्दै आफ्नो एक वर्षे कार्यकालमा सहयोग गर्ने साथीहरुलाई सम्मान ब्यक्त गर्दै अवार्ड समेत वितरण गरेका थिए। वर्ष २०२३-२०२४ का अध्यक्ष ला. एकनारायण गौतमले हाल सम्म क्लबले गरेका र भावी कार्यक्रमको बारेमा चर्चा गर्दै विएसएफ र एनएलएफ तर्फको चेक हस्तान्तरण गरेका थिए।

लायन्स क्लब अन्तराष्ट्रिय डिष्ट्रिक ३२५ जे नेपाल अन्तर्गत रहेको लायन्स क्लब अफ पोखरा युनाइटेड चौतारीको वर्ष २०२२-२०२३ का अध्यक्ष ला. नरहरी पनेरुको अध्यक्षतामा पहिलो सत्र तथा वर्ष २०२३-२०२४ का क्लब अध्यक्ष ला. एकनारायण गौतमको अध्यक्षतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रममा स्वागत मन्तब्य कार्यक्रम संयोजक ला. राजु श्रेष्ठ र धन्यवाद मन्तब्य क्लबका संस्थापक अध्यक्ष ला. बालाकृष्ण शर्माले राखेका थिए। डिष्ट्रिक जे अन्तर्गतका डिष्ट्रिक पदाधिकारी तथा सबै क्लबका अध्यक्षहरु सहभागी कार्यक्रमको सञ्चालन वर्ष २०२२-२०२३ का सविच ला. शुसिल थापा र वर्ष २०२३-२०२४ का सचिव ला. इश्वर शर्माले गरेका थिए।

# गायनमा सिम्रनको चर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ भदौं

गीतसङ्गीत क्षेत्रमा हालैमात्र एकाएक चर्चामा आएको नाम हो सिम्रन परियार। १८ वर्षीया गायिका परियारले एक हप्तामै १४ गीत मात्रै रेकर्ड गराइनन्, अधिकांश गीतले चर्चा कमाएको छ।

मुटुमै घाउ छ...', 'ए साइँला परेली भित्र', 'पानी परेको' गीत चर्चामा छन्। विद्यामन्दिर माध्यमिक विद्यालयमा कक्षा १२ मा विज्ञान विषयमा अध्ययनरत बागलुङ नगरपालिका-६ तिनतलेकी परियारको स्वरले यतिबेला सबैको ध्यान तानेको छ। "गायनसँगै पढाइलाई निरन्तरता काठमाडौँबाट बागलुङ फर्केकी छु", परियारले भन्नुभयो, "विद्यालय र बागलुङ नगरपालिकाको सम्मानले थप उत्साहित भएकी छु, पढाइसँगै गायन क्षेत्रलाई अगाडि बढाउने उद्देश्य छ।" कक्षा पाँच पढ्दादेखि नै गीत गाउन सुरु गरेको परियार बताउनुहुन्छ । "विभिन्न सर्जकले गीत आउने अवसर दिन थाल्नुभएको छ", उहाँले भन्नुभयो । परियारले भोजराज थापाको सहयोगमा गीत रेकर्ड गर्न सफल भएको बताउनुभयो। केही दिनअघिसम्म गाउँघरमै सीमित उहाँको पहिलो गीत नै चर्चामा छ। गायक प्रमोद खरेलसितको स्वरको 'उसलाई पाउन २' को गीत शुक्रबार मात्र सार्वजनिक भएको थियो।

सामाजिक सञ्जालमार्फत प्रतिभा बाहिर ल्याएर चर्चामा रहनुभएकी गायिका परियारलाई गृह नगर बागलुङ नगरपालिकाले हालै रु ३० हजार नगदसहित सम्मान गरेको छ । उहाँ पहिलोपटक स्टेज शो कार्यक्रमसमेत गर्न सफल हुनुभएको छ। यही भदौ ५ गते दोस्रो हरेलो मेलामा परियारले आफ्नो गीत प्रस्तुत गर्नुभएको थियो।


## स्नोम्यान प्रा. लि.
### पनौती, नेपाल
### मूल्य सूची सम्बन्धमा सूचना

**यस उद्योगबाट उत्पादित निम्न ब्राण्डहरुको वाईन नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०८०/०८१ का लागि मिति २०८०/०५/०८ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य प्रकाशित गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मूल्यमा अन्तःशुल्क, मू.अ.कर र अन्य शुल्क समेत समावेश गरिएको छ।**

| ब्राण्ड | मि.लि. | रिजनल डिष्ट्रिब्यूटर्स | | डिष्ट्रिब्यूटर्स | | होलसेल | | रिटेल | | उपभोक्ता मुल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुल्य | कमिशन | मुल्य | कमिशन | मुल्य | कमिशन | मुल्य | कमिशन | प्रति कार्टून | प्रति बोटल |
| King's Hill (24*375)ML (Premium Sweet Red Wine/ white Wine) | ७५० | ८,४००।०० | ४२०।०० | ८,८२०।०० | ५७५।०० | ९,३९५।०० | ४७०।०० | ९,८६५।०० | ९३५।०० | १०,८००।०० | ४५०।०० |
| Chief Guest Box Wine (4*4) LTR (Premium Sweet Red Wine/ white Wine) | ४ लि. | ११,०००।०० | ५५०।०० | ११,५५०।०० | ७५०।०० | १२,३००।०० | ६१५।०० | १२,९१५।०० | १,०८५।०० | १४,०००।०० | ३,५००।०० |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा ब्यपारीक एवं अन्य खर्चहरु समाबेस गरिएकोले आवश्यकता अनूसार बिभिन्न तहमा ब्यपारीक एवं छूटहरु र हाल अनूमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ।